# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238


प.सं.(Letter No.): २०७७/०७८
च.नं.(Ref.No.): ९६१

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०७७।१०।०१ गते)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत यस नगरपालिकाको लागि १ (एक) जना सूचना प्रविधि अधिकृत (IT Officer) को सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुदाँ यस पदको लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | पद | तह | आवश्यक संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | सूचना प्रविधि अधिकृत (IT Officer) | अधिकृतस्तर छैठौं | १ (एक) | रु.१,०००।- (एक हजार रुपैया मात्र) | |

१. **शैक्षिक योग्यताः** लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIC, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको।

२. **परीक्षाको किसिमः** (क) लिखित, प्रयोगात्मक परीक्षा, अन्य पक्षको मूल्याङ्कन र अन्तर्वार्ता।
(ख) परीक्षा कार्यक्रम प्रारम्भिक योग्यताक्रम सूची प्रकाशित गरेको मितिमा तोकिनेछ।

३. **पेस गर्नुपर्ने कागजातहरुः** दरखास्त फाराम बमोजिमको वैयक्तिक विवरण, नेपाली नगरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाणपत्र (नेपाल बाहिरको प्रमाण-पत्र भए, सम्बन्धित निकायहरुबाट Equivalence गरिएको प्रमाणपत्र), चारित्रिक प्रमाणपत्र, तालिम र कार्य अनुभवको प्रमाण-पत्रहरु १/१ प्रतिका दरले तथा हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति।

४. **आवेदकको उमेरको हदः** लोकसेवा आयोगको नियमअनुसार तोकिएको हद।

५. **दरखास्त फारमः** यस कार्यालयको website http://www.dhangadhimaimun.gov.np बाट Download गर्नुहुन।

६. **आवेदन बुझाउने स्थानः** धनगढीमाई नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा।

७. **तलब तथा अन्य सुविधाः** नेपाल सरकारले तोकेको रा.प. तृतीय श्रेणीको आधारभूत तलब सरह।

८. **कार्य विवरणः** प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यहरु।

९. **आवेदन दिने अन्तिम मितिः** यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन अर्थात २०७७।१०।१५ गते कार्यालय समय भित्र।

१०. **थप जानकारीको लागिः** कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं. ०३३-५४५२७१, ९८४२८२७५८१, ९८१९९८९८९८ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

**नोटः** *"पेश गरिने सबै कागजातहरुको प्रतिलिपीहरुको पछाडिपट्टि उम्मेदवार स्वंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।"*